(ख) **"प्रशासनिक खर्च"** भन्नाले तलब, भत्ता,बैठक भत्ता, पोशाक, इन्धन, बीमा, चियापान, कार्यशाला/तालिम/गोष्ठी/सेमिनार जस्ता कार्यक्रम तथा अतिथि सत्कार खर्च लगायतहुने दैनिक खर्च जनाउँछ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(घ) **"पदाधिकारी"** भन्नाले हेटौडा उपमहानगरपालिका नगरकार्यपालिकाका पदाधिकारीहरुलाई जनाउने छ ।सो शव्दले नगर सभाका सदस्यहरुलाई समेत जनाउँछ।

(ङ) **"बैठक"** भन्नाले नगरसभा वा नगर कार्यपालिका वा विषयगत समितिहरु वा वडा समिति वा कुनै कानूनी वा नीतिगत ब्यवस्था बमोजिम गठित समिति वा कार्यदलहरुको बैठक सम्झनु पर्दछ ।

(च) **"मन्त्रालय"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२
## बैठक भत्ता सम्वन्धी व्यवस्था

३. **बैठकः**(१)उपमहानगरपालिकामा हुने बैठकमा सहभागीहरुले सङ्घ तथा प्रदेश कानूनमा तोकिएको अवस्थामा सोही बमोजिम र सङ्घ तथा प्रदेश कानूनमा नतोकिएको अवस्थामा देहाय बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(क) प्रचलित कानून तथा वार्षिक कार्यक्रम बमोजिम गठितसमिति वा कार्यदलको बैठकका लागि बैठक भत्ता उपलव्ध गराउन सकिनेछ ।

(ख) समिति वा कार्यदल गठन गर्दा नै बैठक भत्ता तथा खाजा सुविधा उपलब्ध गराउने गरी निर्णय भएको अवस्थामा बैठक भत्ता तथा खाजा खर्च उपलब्ध हुनेछ। कार्यालयले कार्यसूची तोकिएको वा एजेण्डा किटान भएको विषयमाबैठक राख्नु पर्नेछ ।

(ग) कार्यप्रकृति अनुसार सकेसम्म मितव्ययी हुने गरी बैठक राख्नु पर्नेछ ।

(घ) समिति वा कार्यदलमा तोकिएको कूल सदस्य बाहेक बढीमा तीन जना विषय विज्ञ,विशिष्ट पदाधिकारी वा कार्यालयको कर्मचारीलाई मात्र यस निर्देशिका बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ। तर वडा समितिको बैठकमा वडा समिति र वडा सचिव मात्रको भत्ता उपलब्ध गराईनेछ।

४. **बैठक खर्च सम्वन्धी ब्यवस्थाः**(१)समिति तथा कार्यदलका पदाधिकारी तथा कर्मचारीहरुले प्रति बैठक रु एक हजारका दरले बैठक भत्ता पाउनेछन।बैठक भत्तामा नियमानुसार कर कट्टी हुनेछ ।

(२) बैठकमासहभागी व्यक्तिहरुको पानी तथा खाजाखर्चवापत बढीमा प्रति व्यक्ति दुई सय पचास रुपैयाँसम्म खर्च गर्न सकिने छ ।

(३) वडा समितिको महिनामा वढिमा तीन वटा र उपमहानगरपालिका अन्तरगतका विभिन्न समितिको बैठक महिनामा वढिमा चारवटा सम्मको बैठक भत्ता उपलब्ध हुनेछ।

## परिच्छेद-३

हेटौंडा राजपत्र

